नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

*Ref.*

# राहदानी आवेदनसम्बन्धी सूचना

यस राजदूतावासका अधिकांश कूटनीतिक तथा स्थानीय कर्मचारीलाई कोभिड संक्रमण भएको अवस्थामा सेवाग्राहीहरूको स्वास्थ्य सुरक्षा, सुविधा तथा राहदानीको अत्यावश्यकतालाई समेत मध्यनजर गरी गत फ्रेबुअरीको दोस्रो सातादेखि राहदानीका लागि आवेदन लिने कार्य **Live-enrollment** को सट्टामा म्यानुअल फाराम **(Manual Passport Application Form)** मार्फत गर्रिँदै आएको सबैलाई विदितै छ।

विशिष्ट परिस्थितिमा केही सययका लागि अस्थायी रूपमा प्रबन्ध गरिएको म्यानुअल फारामबाट आवेदन लिने कार्यको सट्टामा आगामी २०७८ साउन ३ गते आइतबार (तदनुसार **Sunday, 18 July 2021**) देखि लागू हुने गरी राजदूतावासमा भौतिक रूपमा स्वयम् उपस्थित भएर **Live-enrollment** मार्फत राहदानीका लागि आवेदन लिने व्यवस्था मिलाइएको सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

कोभिड महामारीको यस समयमा **Live-enrollment** बाट राहदानी बनाउनका लागि आवेदन लिने कार्य उच्च स्वास्थ्य सुरक्षा, सतर्कता, स्वास्थ्यसम्बन्धी सम्पूर्ण मापदण्डको पूर्ण रूपमा पालना गर्दै गर्नुपर्ने विशिष्ट परिस्थितिमा सेवाग्राहीहरूको स्वास्थ्य सुरक्षालाई केन्द्रविन्दुमा राख्दै राहदानीसम्बन्धी सेवालाई अझ सहज, व्यवस्थित र कोभिड महामारीको दृष्टिले पनि सुरक्षित बनाउन **Live-enrollment** को कार्यलाई अगाडि नै समय लिएर आउनुपर्ने **(Appointment Basis)** गरी व्यवस्था मिलाइएको छ।

तसर्थ, तल दिइएको सम्पर्क व्यक्तिलाई सम्पर्क गरी समय लिएर राहदानी बनाउनका लागि राजदूतावासमा भौतिक रूपमा आफू स्वयम् उपस्थित हुनुहुन सम्बन्धित सबैलाई हार्दिक अनुरोध गर्दछौं।

**Appointment** को लागि सम्पर्क व्यक्ति

नामः : विकास अर्याल
सम्पर्क नं. : ९७१२६३४४७६७
: ९७१२६३४४३८५

नेपाली राजदूतावास,
अबुधाबी ।
२०७८ असार २४ गते बिहीबार ।